नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

## कार्यक्रम समन्वय इकाई

प. सं. :- ०७४/७५

च. नं. :- 900

सिंहदरबार, काठमाण्डौ ।

मिति २०७४।०६।२६

श्री जि स स को कार्यालय (सबै)
श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सबै)
श्री गाउंपालिकाको कार्यालय (सबै)

**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम को थप १ बर्षको कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७४/७५ का लागि ७७ जि स स हरु तथा ७५३ स्थानीय तहहरुमा बजेट विनियोजन गरि LMBIS मा entry भैसकेको तथा सो बजेट रकम खर्च गर्ने सम्बन्धमा देहाय बमोजिमका शर्तहरु भित्र रही खर्च गर्नु हुन अनुरोध छ ।**

| सि नं | कार्यक्रमको विवरण | खर्च गर्ने निकाय | शर्तहरु |
|---|---|---|---|
| १ | अनुगमन तथा सुपरिवेक्षणका लागि जि स स हरुलाई सहयोग | सबै जि स स हरु (७७ वटा) | जि स स हरुले गर्ने कार्यक्रम तथा वित्तिय अनुगमन र सुपरिवेक्षण कार्यलाई सवलीकरण गर्नका लागि कार्यक्रम योजना बनाई सो बमोजिम भएका खर्चको भूक्तानी गर्ने प्रयोजनको लागि प्रति जि स स रु २,००,००० का दरले खर्च गर्न सकिनेछ । |
| २ | ७५३ स्थानिय तहको Profile बनाउने कामका लागि | सबै महा/उपमहा/ नगरपालिकाको कार्यालयहरु<br>सबै गाउंपालिकाहरु | स्थानिय तहले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत स्थानीय तहको Profile को format को आधारमा आफ्नो Profile तयार गर्न कार्यक्रमको तर्फबाट रु. १,००,००० उपलब्ध गराईएको र बांकी अपुग हुने भएमा उक्त रकम तहांबाटै व्यवस्थापन गर्नुपर्नेछ । |
| ३ | ७५३ स्थानिय तहमा IT Officer को तलब सहयोग | सबै महा नगरपालिकाहरु<br>सबै उपमहानगरपालिकाहरु<br>सबै नगरपालिकाहरु<br>सबै गाउंपालिकाहरु | १. करार नियुक्त गरि कामकाजमा खटिइरहेका स्थानिय तहहरुको हकमा कार्यरत रहेका IT Officers लाई मासिक रु. ४०,००० का दरले पारिश्रमिक भूक्तानी दिने<br>२. IT Officers नियुक्त हुन बांकी रहेका स्थानिय तहहरुको हकमा Institute of Engineering (IOE) र MoFALD को विचमा MoU गरि IT Officer व्यवस्थापन गर्ने प्रकृयामा रहेकाले सो पश्चात खटिई आउने IT Officer को पारिश्रममि मासिक रु. ४०,००० का दरले भूक्तानी दिने । |
| ४ | महानगरपालिका तथा उप महानगरपालिका बाहेकका ७३६ स्थानिय तहमा E-Governance प्रवर्द्धन गर्ने प्रयोजनका लागि सहयोग | २७६ नगरपालिकाहरु<br>४६० गाउंपालिकाहरु | स्थानीय तहका लागि सूचना प्रविधि प्रवर्धन गर्ने प्रयोजनार्थ Desktop computer, Photocopy Machine, Scanner, Printer, Solar panel, Networking devices, Queue management system, CC TV, Mobile application, Internet connectivity, e- attendance, Digital display board आदि मध्ये आवश्यक भएका उपकरणहरु खरिद गर्नका लागि यस कार्यक्रमबाट थप शर्त तथा specification पठाए पछि सो बमोजिम खरिद गरि भुक्तानी गर्ने । |
| ५ | ७५३ स्थानीय तहमा ४६६४ सामाजिक परिचालकहरुको तलब तथा ५२२ सेवा प्रदायक संस्था (LSP) को लागि सहयोग | ७७ जि स सहरु<br>६ महानगरपालिकाहरु<br>११ उपमहानगरपालिकाहरु<br>२०८ नगरपालिकाहरु<br>१०८ गाउंपालिकाहरु | १. सामाजिक परिचालकको पहिलो चौमासिकको चार महिनाको पारिश्रमिक प्रति व्यक्ति मासिक रु. १२,००० का दरले भूक्तानी दिने ।<br>२. सम्झौता भई साविकमा काम गरिरहेका स्थानिय सेवा प्रदायक संस्थालाई प्रथम चौमासिक सम्मको प्रगति प्रतिवेदन प्राप्त गरि प्रति संस्था रु १,१३,००० (भ्याट सहित) का दरले भूक्तानी दिने ।<br>बजेट विनियोजन नभएका नगरपालिका तथा गाऊंपालिकाहरुको हकमा सम्बन्धित जिससहरुमा बजेट विनियोजन गरिएकोले जिससबाटै भूक्तानी गर्ने व्यवस्था मिलाउनुहुनेछ । |

रेशमलाल कडेल
राष्ट्रिय कार्यक्रम प्रबन्धक

बोधार्थ:

१. आर्थिक प्रशासन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
२. एल. जि. सि. डि. पि. प्रादेशिक सहयोग इकाईहरु (सबै)

फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np